# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, फागुन ६ गते २०३६ साल [ संख्या ४३


श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

### सर्वोच्च अदालत (दोस्रो संशोधन) नियमावली, २०३६

सर्वोच्च अदालत नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०१९ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले बनाएको देहायका नियमहरूमा श्री ५ बाट स्वीकृति बक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (दोस्रो संशोधन) नियमावली, २०३६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. सर्वोच्च अदालत नियमावली, २०२१ को नियम २ मा संशोधन : सर्वोच्च अदालत नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ:–

"(च) "स्पेशल बेञ्च" भन्नाले प्रधान न्यायाधीशसहित वा रहित तीनजना वा पाँचजना न्यायाधीशहरूको बेञ्च सम्झनुपर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३४ मा संशोधन : मूल नियमावलीको नियम ३४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निवेदन-पत्र वा मुद्दाको जटिलता र महत्व हेरी प्रधान न्यायाधीशले तोकिदिएको कुनै निवेदनपत्र वा मुद्दा।"

४. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को सट्टा देहायको नियम ३५ राखिएको छः–

"३५. डिभिजन बेञ्चबाट हेरिने मुद्दा : नियम ३३ बमोजिम फुल बेञ्चले र नियम ३४ बमोजिम स्पेशल बेञ्चले हेर्ने मुद्दाबाहेक अरू सबै मुद्दा र त्यस्तो मुद्दासंग सम्बन्धित प्रतिवेदन तथा न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३ को उप-दफा (५) को खण्ड (ख) अन्तर्गतको निवेदनपत्र डिभिजन बेञ्चबाट हेरी किनारा हुनेछ।"

५. मूल नियमावलीको नियम ३६ मा संशोधन : मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छः–

"३६. निवेदनपत्रको फछर्यौट : (१) नेपालको संविधानको धारा ७१ अन्तर्गत परेको निवेदनपत्रमा उप-नियम (३) को अधीनमा रही कारवाई र किनारा गर्ने अधिकार सिङ्गल बेञ्चलाई हुनेछ।

(२) देहायका निवेदनपत्रहरूमा सिङ्गल बेञ्चबाट हेरी कारवाई गर्नेछः–

(क) मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १७ नं. अन्तर्गत परेको निवेदनपत्र,

(ख) असमर्थ भएको हुनाले पुनरावेदन गर्नलाई तल्लो अदालतको फैसला-बमोजिम लागेको जरीवाना, कैदबापतको धरौटी वा जमानत नलिई पछि मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने गरी पुनरावेदन दर्ता गरिपाउँ भन्ने निवेदनपत्र,

(ग) सर्वोच्च अदालतमा दायर रहेका मुद्दा सम्बन्धमा मुनासिब कारण देखाई लिलाम बिक्री इत्यादिको तारीख स्थगित गरिपाउँ भन्ने निवेदनपत्र,

(घ) मुद्दामा कारवाई गर्दा रजिष्ट्रारले गरेको आदेशउपरको उजूरी,

(ङ) यस नियमावलीबमोजिम रजिष्ट्रारले हेर्ने निवेदनपत्र, नियम ३४ बमोजिम स्पेशल बेञ्चले हेर्ने निवेदनपत्र र नियम ३५ तथा उप-नियम (३) बमोजिम डिभिजन बेञ्चले हेर्ने निवेदनपत्रबाहेक अरू सबै निवेदनपत्र।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सिङ्गल बेञ्चबाट नेपालको संविधानको धारा ७१ अन्तर्गत परेको निवेदनपत्रमा प्रथम सुनुवाई भई कारण देखाउने आदेश भएपछि त्यस्तो निवेदनपत्रमा कारवाई र किनारा गर्ने अधिकार डिभिजन बेञ्चको हुनेछ ।

(४) माथि उप-नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतमा दायर रहेको कुनै मुद्दासंग सम्बन्धित निवेदनपत्र सो मुद्दा दायर रहेको बेञ्चमा नै पेश गरी किनारा गरिनेछ ।

(५) उप-नियम (२) को खण्ड (घ) बमोजिम दिइने उजूरी त्यस्तो आदेश भएको मितिले पैंतीसदिनभित्र दिइएको हुनु पर्नेछ ।

६. मूल नियमावलीको नियम ५८ मा संशोधन : मूल नियमावलीको नियम ५८ को उप-नियम (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "फेरी" भन्ने शब्द झिकिएको छ ।

७. मूल नियमावलीको नियम ६१ मा संशोधन : मूल नियमावलीको नियम ६१ को सट्टा देहायको नियम ६१ राखिएको छः–

"६१. निवेदनपत्रसाथ संलग्न हुनुपर्ने : (१) नियम ६० बमोजिम पुनरावेदन गर्ने अनुमतिको लागि दिइने निवेदनपत्रमा क्षेत्रीय अदालतको फैसलामा के कस्तो कानूनी त्रुटी भएको छ वा एउटा क्षेत्रीय अदालतले गरेको कानूनको व्याख्यासंग अर्को क्षेत्रीय अदालतको व्याख्या के कसरी बाझिएको छ भन्ने कुरा प्रष्टसंग बुझिने गरी खुलाउनु पर्छ र सो निवेदनपत्रसाथ देहायको लिखतको रीतपूर्वकको प्रतिलिपिहरूसमेत सामेल राख्नुपर्छः–

(क) क्षेत्रीय अदालतको जुन निर्णयउपर पुनरावेदन गर्न अनुमतिको माग गरिएको हो सो निर्णयको प्रतिलिपि,

(ख) व्याख्या बाझिएकोमा अर्को क्षेत्रीय अदालतको व्याख्या बाझिएको भनिएको फैसलाको प्रतिलिपि,

(ग) शुरूको फैसलाको प्रतिलिपि,

(घ) आफूले भर गरी टेकेको अन्य लिखतको प्रतिलिपि ।

(२) क्षेत्रीय अदालतको जुन निर्णयउपर पुनरावेदन गर्न अनुमतिको लागि निवेदनपत्र दिइएको हो सो निर्णयबाट निवेदकलाई दण्ड सजाय लागेको भए सो र दण्ड सजायबापत कैद परेको वा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १९४ नम्बरबमोजिम धरौटी वा जमानत दिएकोमा त्यसको निस्सा वा सो नम्बरबमोजिम धरौटी वा जमानत दिन हुनेमा सोबमोजिम धरौट वा जमानत निवेदनपत्रसाथै दाखिल गर्नुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम ६२ मा संशोधन : मूल नियमावलीको नियम ६२ को सट्टा देहायको नियम ६२ राखिएको छः–

"६२. निवेदनपत्रमा कारवाई : (१) नियम ६० अन्तर्गत पुनरावेदन गर्ने अनुमतिको लागि दिइने निवेदनपत्र रजिष्ट्रारलाई दिनुपर्छ र निजले नियम ८८ बमोजिम त्यसमा जाँचबुझ गर्नेछ।

(२) उप-नियम (१) बमोजिम रजिष्ट्रारले जाँचबुझ गरी निवेदन दर्ता गरेपछि बेञ्चसमक्ष पेश गर्ने तारीख तोकिनेछ र बेञ्चले पुनरावेदन गर्न अनुमति दिने वा नदिने निर्णय गर्नेछ। यसरी निर्णय गर्न मिसिल झिकाउन आवश्यक देखिएमा मात्र मिसिल झिकाइनेछ।

(३) उप-नियम (२) अन्तर्गत पुनरावेदनको अनुमति दिने वा नदिने निर्णय भएकोमा सो निर्णय गर्ने बेञ्चले पुनरावेदनको अनुमति दिन वा नदिन उचित देखेका कारणहरू सबै प्रष्टसंग निर्णयमा खुलाउनु पर्नेछ।"

९. मूल नियमावलीको नियम ६३ मा संशोधनः मूल नियमावलीको नियम ६३ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) पुनरावेदन दिने अनुमति प्राप्त भएको तीनदिनभित्र पुनरावेदकले सबै विपक्षीहरूको लागि चाहिने जति संख्यामा नियम ६० बमोजिम दिइएको निवेदनपत्रको नक्कल र प्रचलित कानून अनुसार लाग्ने कोर्ट फी वा अन्य दस्तूर-समेत दाखिल गर्नुपर्छ।"

१०. मूल नियमावलीको नियम ६४ मा संशोधन : मूल नियमावलीको नियम ६४ को उप-नियम (१) मा रहेको "नियम ६१ को उप-नियम (४)" भन्ने शब्दहरूको सट्टा "नियम ६३ को उप-नियम (२)" भन्ने शब्दहरू राखिएका छन्।

११. मूल नियमावलीको नियम १०६ मा संशोधन : मूल नियमावलीको नियम १०६ को उप-निय (२) मा रहेको "बन्दीप्रत्यक्षीकरणको निवेदनपत्र" भन्ने शब्दहरूको सट्टा "तत्काल सुनवाई गर्नु पर्ने अन्य निवेदनपत्र" भन्ने शब्दहरू राखिएका छन्।

१२. मूल नियमावलीको नियम ११७ मा संशोधन : मूल नियमावलीको नियम ११७ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) साप्ताहिक मुद्दा पेशी सूचीमा चढेको कुनै मुद्दा दैनिक मुद्दा पेशी सूचीमा नचढ्दै सो मुद्दाका पक्ष वा निजको वारिस वा निजले अघिदेखि उस मुद्दाको लागि नियुक्ति गरी वकालतनामा दाखिल भैसकेको कानून व्यवसायी कानूनबमोजिम पक्राउमा परेको वा हालै मृत्यु भएको वा अन्य आकस्मिक तवरबाट बिरामी

४०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परेको वा पारिवारिक क्षति भएको वा त्यस्तो आफ्नो काबुबाहिरको आकस्मिक परिस्थिति सृजना भई मुद्दा पेश हुने दिन उपस्थित हुन नसक्ने भई मुद्दा स्थगित गराउन चाहेमा त्यस्तो पक्षले १०.३० बजे अगावै बेहोरा खोली सम्बन्धित फाँटमा निवेदन पेश गर्नु पर्नेछ । उक्त निवेदनमा उल्लेखित कुरा प्रधान न्यायाधीशलाई सन्तोष हुने कारण भएमा निजले त्यस मुद्दालाई दैनिक मुद्दा पेशी सूचीमा नचढाई अर्को पेशी तारीखको आदेश दिन सक्नेछ ।

तर दैनिक मुद्दा पेशी सूचीमा चढिसकेको मुद्दा स्थगित हुने नहुने कुरा सम्बन्धित बेञ्चको आदेशले मात्र हुनेछ ।"

१३. मूल नियमावलीको नियम १२९ मा संशोधन : मूल नियमावलीको नियम १२९ को खण्ड (१) मा रहेको "–।४०" भन्ने अङ्क, खण्ड (२) मा रहेको "–।२०" भन्ने अङ्क र खण्ड (३) मा रहेको "रूपैयाँ १।–" भन्ने शब्दको सट्टा क्रमशः "रू. २।–", "रू. १।–" र "रू. १०।–" भन्ने शब्दहरू राखिएका छन् ।

१४. खारेजी : मूल नियमावलीको नियम ३८ र ४५ खारेज गरिएका छन् ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

५०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।